# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-५०, फाल्गुन, २०७३


## भित्र


अन्तर्राष्ट्रिय नारी दिवस मनाइयो ..................................२

आर्थिक सुशासन लागि लेखा तालिम .......................................३

मानवअधिकार तालिम सम्पन्न ......................................................३

सीपमूलक तालिम सम्पन्न ...४

सचिवसँग अन्तरक्रिया ..........४

कृषिमा पहुँच बढाउँदै मधेशी दलित .........................................५

सिलाइकटाइ तालिम सञ्चालन .....................................................५

नागरिकता पाएपछि फर्कियो खुशी ..........................................५

यसरी बन्यो प्रगति सामाजिक परिवार ......................................६

संविधानमा स्थानीय सरकार .७

अध्ययनसँगै सामाजिक कार्य.८



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौं,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org




# सुशासन प्रशिक्षक प्रशिक्षण

काठमाडौं । सामाजिक परिवारमा आर्थिक सुशासन दिन समग्र विकास सेवा केन्द्रका फिल्ड कार्यकर्ताहरूलाई तीनदिने प्रशिक्षक प्रशिक्षक सम्पन्न भएका छन् ।

सामाजिक परिवारमा बचत तथा ऋण लगानी, अन्य आर्थिक कारोबार र स्रेस्ता प्रणाली, अभिलेखीकरण व्यवस्थापन र अन्य आवश्यक कागजात तयारीसम्बन्धी कार्यमा सहयोग पुर्‍याउने उद्देश्यले तीनवटा प्रशिक्षण आयोजना गरिएको हो ।

सिरहाको लहानमा २०७३ माघ २६ देखि २८, धनुषाको लालगढमा फागुन २ देखि ४ र गोरखाबजारमा फागुन १४ देखि १६ गतेसम्म उक्त प्रशिक्षण सम्पन्न गरिएको हो ।

उक्त प्रशिक्षणमा सामाजिक परिवारको गठन, मासिक बैठक तथा अन्य क्रियाकलाप सञ्चालन गर्दा लेखिने माइन्युटको ढाँचाबारे जानकारी दिइएको थियो । विभिन्न कार्यालय तथा संघ-संस्थामा लेखिने निवेदनको नमूना अभ्यास पनि गराइएको थियो ।

त्यसैगरी, पासबुक तथा लेजर भर्ने अभ्यास, आर्थिक गतिविधि गर्दा तयार गरिने बिल-भर्पाइ तथा माइन्युट लेखनजस्ता विषयमा सैद्धान्तिक र व्यावहारिक ज्ञान सिकाइएको थियो ।

लहानमा सञ्चालित प्रशिक्षणमा सुनसरी, सप्तरी, उदयपुर र सिरहाका ३० जना सहभागी थिए भने लालगढको प्रशिक्षणमा धनुषा, महोत्तरी, सर्लाही, रौतहट र बाराका ३० जनाले भाग लिए । गोरखाको प्रशिक्षण कार्यक्रममा काठमाडौं, धादिङ्ग, गोरखा र लमजुङ्गका ३० जना सहभागी भए ।

प्रशिक्षणमा समग्र विकास सेवा केन्द्रका जिल्ला संयोजक, तालिम संयोजक, उत्प्रेरक र सह-उत्प्रेरकहरूको सहभागिता थियो । सहभागी जम्मा ९० जनामध्ये महिलाको संख्या ५३ थियो । प्रशिक्षणको सहजीकरण समग्र विकास सेवा केन्द्रका आर्थिक व्यवस्थापक भुवनेश्वर सिंह र कार्यक्रम अधिकृत अमरसिंह अधिकारीले गरेका थिए ।

# अन्तर्राष्ट्रिय नारी दिवस मनाइयो




काठमाडौं : गोकर्णेश्वर नगरपालिका-१, ओखेनीमा १०७ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस सम्पन्न भयो । नारी दिवस मनाउन ईश्वरी आधारभूत विद्यालयबाट र्‍याली निकालिएको थियो ।

दिवसको मूल नारा थियो- 'महिला सम्मानको आधार : सीपयुक्त हात र स्वरोजगार ।' र्‍यालीमा 'बदलिदो परिवेशमा कामकाजी महिला सन् २०३० मा बराबरी पाइला', 'महिला अधिकार सुनिश्चित गरौं', 'महिला हिंसा बन्द गर', 'महिला-पुरुष समान हौं', 'बाल विवाह अन्त्य गरौं' जस्ता नारा लेखिएका ब्यानरहरू पनि बोकिएका थिए । विभिन्न नारा लेखिएका ब्यानर बोकेको र्‍यालीले आखेनी परिक्रमा गरी कार्यक्रम सम्पन्न गरिएको थियो । र्‍यालीमा एक सय ५० जनाभन्दा बढी सहभागी थिए ।

कार्यक्रममा गोकर्णेश्वर नगरपालिका वडा नं.३ को गणेश बुद्ध सामाजिक परिवार, ओखेनीमा रहेको शिवपुरी दीपज्योति सामाजिक परिवार, शिवपुरी बाघद्वार सामाजिक परिवार, माझगाउँ सामाजिक परिवार र सुन्दरीमाई सामाजिक परिवारका साथै ओखेनीस्थित ईश्वरी आधारभूत विद्यालयका सम्पूर्ण शिक्षक र विद्यार्थीहरू सहभागी थिए । शिवपुरी दीपज्योति सामाजिक परिवारका अध्यक्ष कृष्णाकुमारी तामाङको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा ओखेनी चिलाउनेका स्थानीय बासिन्दा, विभिन्न राजनैतिक दलका प्रतिनिधिहरू, विद्यालय व्यवस्थापन समिति, जय श्रीसुन्दरीमाई महिला तथा बचत ऋण सहकारी संस्था लिमिटेड तथा समग्र विकास सेवा केन्द्रका प्रतिनिधि सहभागी थिए ।

**सिरहा :** सिरहाको बडहरामाल गाविसस्थित मनकामना, हलेसी, प्रगति, विश्वकर्मा, सामाजिक परिवारका सदस्यहरूले पनि सामूहिक रूपमा १०७ औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस भव्य रूपमा मनाएका छन् । 'महिला सम्मानको आधार, सीपयुक्त हात स्वरोजगार' नारा लगाउँदै वडहरामाल वडा नं १ मा भेला भएका थिए । मनकामना सामाजिक परिवारबाट र्‍याली सुरु गरी नन्दबाबा निम्न माध्यमिक विद्यालय हुँदै उत्तरबाहिनी जाने बाटो हुँदै शिवबाबा मन्दिरको परिसरमा कोणसभामा गरिएको थियो ।

सभाको उद्घोषण समग्र विकास सेवा केन्द्रका उत्प्रेरक राजकुमार लामाले गरेका थिए भने अध्यक्षता मनकामना सामाजिक परिवारका अध्यक्ष हिरामाया बिकले गरेकी थिइन् । सभामा उपस्थित दिदीबहिनीहरूले एकआपसमा परिचय गर्दै आफ्ना भनाइहरू राखेका थिए। उनीहरूले महिलाले भोगिरहेको घरेलु हिंसालगायतका पीडा र आफ्ना वेदनाहरू पनि गीतको माध्यमबाट प्रस्तुत गरेका थिए ।

अध्यक्षको आसनबाट बोल्दै हिरामाया बिकले भनिन्, 'महिला अधिकारबारे खुला छलफल गर्दै अगाडि बढ्न सकेकोमा खुशी छौं । अधिकारप्राप्तिका लागि सबैलाई एकआपसमा मिलेर अगाडि बढ्न आग्रह गर्दछु ।'



# आर्थिक सुशासन लागि लेखा तालिम



उदयपुर : समग्र विकास सेवा केन्द्रद्वारा सञ्चालित सामाजिक परिवारहरूलाई उदयपुरको बेल्टार बसाहा नगरपालिकामा फागुन ११ गते र हडिया गाविसमा १६ गते समूहस्तरीय लेखा तथा माइन्युट लेखन तालिम सम्पन्न भयो । तालिममा बेल्टार बसाहा नगर क्षेत्रका छवटा सामाजिक परिवारहरू र हडिया गाविस नौवटा सामाजिक परिवारका सचिव, कोषाध्यक्ष र केही सदस्यहरू सहभागी थिए ।

समग्र विकास सेवा केन्द्रका उदयपुर जिल्ला संयोजक एवं तालिम सहजकर्ता नितेश परियारले भने, 'सामाजिक परिवारमा आर्थिक सुशासनका लागि लेखा तथा माइन्युट लेखन तालिम गराइएको हो । यसले सामाजिक परिवारको आर्थिक पाटोलाई पारदर्शी बनाउने र सामाजिक परिवारलाई संस्थागत समेत बनाउन मद्दत गर्छ ।'

तालिममा सहभागी एकता सामाजिक परिवारको कोषाध्यक्ष निगम मगरले भनिन्, 'विभिन्न गाउँ र नगरपालिकाहरूमा भिन्नाभिन्नै परियोजनाअन्तर्गत गठित समूहहरू परियोजनाको समय समाप्तीसँगै समूह पनि समाप्त हुने गर्दछन् तर यस्ता तालिम यदि समूहकै पदाधिकारीहरूलाई दिइयो भने परियोजना नरहे पनि समूहहरू सञ्चालनमा रहन्छन् र आर्थिक हिनामिना हुँदैन ।'

बेल्टार बसाहा नगरपालिका वडा नं ७ को जनसेवा प्राविको हलमा भएको उक्त तालिममा हडिया-५ स्थित दीपज्योति सामाजिक परिवारका ४९ जना सहभागी थिए । समग्र विकास सेवा केन्द्रले यस्ता तालिम उदयपुरका जोगिदह, हडिया, सुन्दरपुर, भलायडाँडा र त्रियुगा नगरपालिका रहेका सामाजिक परिवारहरूलाई समेत दिने योजना रहेको संयोजक परियारले जानकारी दिए ।

# मानवअधिकार तालिम सम्पन्न



काठमाडौं । समग्र विकास सेवा केन्द्रको आयोजना र राष्ट्रिय मानवअधिकार आयोगका सम्बन्धित क्षेत्रीय कार्यालयहरूसँगको सहकार्यमा सिरहाको लहान र गोरखा सदरमुकाम गोरखाबजारमा सामाजिक परिवार परिचालनमा सक्रिय सह/उत्प्रेरकहरुका लागि आधारभूत मानवअधिकार तथा अनुगमनसम्बन्धी तालिम सम्पन्न भयो ।

लहानमा २०७३ साल पुस १४ देखि १६ गतेसम्म र गोरखा बजारमा २१ देखि २३ गतेसम्म कार्यक्रम आयोजना गरिएको थियो ।

स्थानीय तहमा कार्यरत सामाजिक परिचालकहरुलाई मानवअधिकारका आधारभूत विषयवस्तुसम्बन्धी ज्ञान, कार्यक्रमको उद्देश्य मानवअधिकारसम्बन्धी व्यवस्थाहरूबारे जानकारी दिने, मानवअधिकार अनुगमनबारे दक्षता विकास, सामाजिक न्यायलगायतका विषयमा प्रशिक्षित गर्दै व्यवस्थित रूपमा मानवअधिकारविपरीत हुने घटनाहरूको अनुगमन तथा त्यसको प्रतिवेदन तयार गरी सम्प्रेषण गर्न सहभागीहरूमा क्षमताको विकासमा योगदान गर्नु रहेको थियो । सहभागितामूलक पद्धति अपनाइएको उक्त तालिममा मुख्य प्रशिक्षक मिलन श्रेष्ठ, समग्र विकास सेवा केन्द्रका कार्यक्रम व्यवस्थापक र कार्यक्रम अधिकृतका साथै राष्ट्रिय मानवअधिकार आयोगका क्षेत्रीय कार्यालयका प्रतिनिधिहरूले प्रशिक्षण दिएका थिए ।

# सीपमूलक तालिम सम्पन्न



काठमाडौं : काठमाडौं महानगरपालिका वडा नं. ८, जयबागेश्वरीस्थित नागरिक सचेतना केन्द्रको पहलमा दुई सातालामो मखमलको जुत्ता, चप्पल र हातेब्याग बनाउने तालिम सम्पन्न भएको छ ।

विपन्न महिलाहरूको क्षमता र सीप अभिवृद्धि गरी आत्मनिर्भर बनाउने उद्देश्यले सञ्चालन गरिएको उक्त तालिममा नागरिक सचेतना केन्द्र र वडा नं. ८ का २५ जना महिला सहभागी थिए । २०७३ फागुन ८ देखि २२ गतेसम्म सञ्चालित उक्त तालिममा सरिता श्रेष्ठले प्रशिक्षण दिइन् । सामाजिक परिचालक रविना बैद्यले भनिन्, 'तालिमपछि नागरिक सचेतना केन्द्रमा क्रियाशीलता बढेको छ । नयाँ सदस्य बढ्न थालेका छन् ।'

सहभागीमध्ये केही महिलाले आफू अरु ठाउँमा गएर तालिम दिन सक्ने भएको बताएका थिए । नागरिक सचेतना केन्द्रका संयोजक शोभादेवी श्रेष्ठले भनिन्, 'हामी बिहान-बेलुकीको दैनिक कामबाहेक दिनभरि फुर्सदमै हुन्छौं । यो तालिमपछि फुर्सदको समयमा जुत्ता, चप्पल र हातेब्याग बनाएर थोरै भए पनि आयआर्जन गर्नसक्ने भयौं ।'

पशुपतिनाथ मन्दिरका रहेको जयबागेश्वरी धार्मिक र पर्यटकीय क्षेत्र पनि हो । यहाँ विभिन्न पर्वमा धेरै जात्रा तथा मेलाहरू लाग्ने गर्छन् । अर्की सदस्य ममिना श्रेष्ठले भनिन्, 'हामीले मेला-जात्राबाट पनि फाइदा लिन सक्छौं । मैले त तालिम लिएपछि जुत्ता, चप्पल बनाउँदै बेच्न पनि थालिसकें । सीप सिकेपछि त्यसलाई सदुपयोग गर्नुपर्छ ।'

तालिम लिएकी नागरिक सचेतना केन्द्रकै अर्का सदस्य निर्मला राजभण्डारीले पनि आफूले फुर्सदको समयमा सामान बनाउँदै आएको बताइन् । उनले भनिन्, 'मेला तथा जात्रामा स्टल राखेर बेच्न सकिन्छ ।'

तालिमका सहभागीहरूलाई काठमाडौं महानगरपालिका, समाज कल्याण महाशाखाका शाखा अधिकृत सुनिता पोखरेलले प्रमाणपत्र प्रदान गरेकी थिइन् । प्रमाणपत्र वितरण समारोहमा उनले भनिन्, 'यस्ता सीपमूलक तालिमबाट महिला आत्मनिर्भर बन्नसक्छन् । यसले उनीहरूलाई समाजमा स्वतन्त्र र सम्मानपूर्वक बाँच्न सहयोग पुग्छ ।'

त्यसैगरी, काठमाडौ महानगरपालिकाका अन्य नागरिक सचेतना केन्द्रको पहलमा विभिन्न तालिमहरू सम्पन्न भएका छन् । वडा नं. १ मा महिला स्वास्थ्य परीक्षण, वडा नं. २ र ६ मा प्राङ्गारिक मल बनाउने र करेसाबारी खेती, वडा नं. ४ र २७ मा झोल साबुन बनाउने, दालमोठ बनाउने, दुनोट बनाउने, सेलरोटी पकाउने जस्ता तालिम सम्पन्न भएका छन् । ●

## सचिवसँग अन्तर्क्रिया

सिरहा : सिरहाको कर्जन्हा गाविस वडा नं. ६ मा रहेको बेलपत्र सामाजिक परिवारमा गाउँ विकास समिति (गाविस) सचिव होमकुमारी बस्नेत र सामाजिक परिवार सदस्यहरूबीच गाविसले दिने सार्वजनिक सेवा सुविधालाई प्रभावकारी बनाउने विषयमा भएको अन्तर्क्रिया गरिएको छ । २०७३ माघ १८ गते अन्तर्क्रियामा बेलपत्रका साथै जनसेवा र सरस्वती सामाजिक परिवारका प्रतिनिधिहरू समेत सहभागी थिए ।

सामाजिक परिवारहरूको जानकारी पाएपछि सचिव होमकुमारी बस्नेतले खुशी व्यक्त गर्दै सामाजिक परिवारको माध्यमबाट सशक्तीकरण भएको बताउँदै आफ्नो सदैव सहयोग रहने प्रतिबद्धता व्यक्त गरिन् । उनले आफ्नो अधिकारको दाबी गर्नसक्ने भएकोमा खुशी व्यक्त गर्दै सामाजिक परिवारबाट गाउँको विकासमा पनि योगदान पुगेको बताइन् । उनले गाविसबाट प्राप्त हुने सेवासुविधा र त्यसका



लागि चाहिने आवश्यक कागजात र प्रक्रियाकबारे सामाजिक परिवारका प्रतिनिधिहरूलाई जानकारी पनि गराइन् ।

बेलपत्र सामाजिक परिवारका अध्यक्ष उर्मिलादेवी महतोको अध्यक्षतामा भएको अन्तर्क्रियाको सहजीकरण समग्र विकास केन्द्रका सिरहा संयोजक प्रेमकुमारी थापाले गरेकी थिइन् । ●

# कृषिमा पहुँच बढाउँदै मधेशी दलित

धनुषा : धनुषाधाम नपा वडा नं. -३ गोइयाहा दलित समुदायका कृषकहरूले जिल्ला कृषि कार्यालयमा कृषक समूह दर्ता गराएका छन् । गत साल माघ १ गते धनुषा सामाजिक परिवारमा आवद्ध २५ महिला र २ पुरुष गरी २७ जना मधेशी दलित समुदायका किसानहरू आफू पनि संस्थागत भएका छन् ।

सामाजिक परिवारका सदस्यहरूको आयस्रोत कृषि रहे तापनि बीउविजन र प्रविधिको आधुनिकीकरण नहुँदा आर्थिक संकट आइरहने समस्या थियो । सामाजिक परिवारको मासिक बैठकले सदस्यहरूबीच रहेको कृषि समस्यालाई समाधान गर्दै प्राचीन खेती गर्ने तरिकामा सुधार गर्नका लागि कृषक समूह दर्ता गर्ने निर्णय गरेका हुन् ।

कृषक समूह दर्तापछि कृषि उत्पादन सुधारका लागि कृषि कार्यालयबाट बालीमा लाग्ने रोग, बाली वृद्धि, बजारीकरण, माटो परीक्षण र सहुलियत मूल्यमा मौसम अनुसारको बीउविजन प्राप्त गरेका छन् । जिल्ला कृषि कार्यालयबाट वार्षिक वितरण हुने हजारी र हातेपम्प पाएका छन् । ढिकीकल, स्प्रे ट्याङ्कीसमेत पाउने समूहले आशा गरेको छ ।

अध्यक्ष कुश्नीदेवी पासवानले कृषि कार्यालयबाट बीउविजन, उपकरणको उपयोग र कृषि उत्पादनको अवस्थाबारे जानकारी लिन अनुगमन गर्ने गरिएको बताइन् ।

त्यसैगरी, दीपज्योति सामाजिक परिवारले पनि कृषक समूह दर्ता गरी कृषि कार्यालयबाट पाउने सुविधाहरू लिइरहेको छ । माटो परीक्षणका लागि माटो संकलन गर्दा चारैकुनाबाट अन्दाजी १–१ किलो लिएर मिश्रण गरी ४ भागको १ भाग जानुपर्ने जानकारी गराइयो । परिक्षण गरिएको माटो अम्लिए भएकोले कृषि चुन छर्ने व्यवस्थाका लागिसहुलियत मूल्यमा चुन उपलब्ध गराइएको थियो ।

समूहका अध्यक्ष कुश्मी देवी पासवानले भनिन्, 'कृषक समूह दर्तापछि हामीले कृषि कार्यालयबाट सस्तोमा बीउविजन, हजारी, हातेकलजस्ता औजार पनि पाउँदा रहेछौं । अरु किसानहरूले पनि कृषि समूह दर्ता गरी फाइदा लिन सक्नुहुन्छ ।' ●

## सिलाइकटाइ तालिम सञ्चालन

सुनसरी: लौकही गाविसको आर्थिक सहयोगमा दुईमहिने सिलाइकटाइ तालिम सुरु भएको छ । महिलाको सीप विकास गरी आयआर्जन बढाउने उद्देश्यले आयोजित तालिममा २० जना दलित तथा सीमान्तकृत वर्गका महिला सहभागी थिए ।

तालिम फागुन १८ गते सुरु भएको हो । तालिम व्यवस्थापन समितिका अध्यक्ष रहेकी महालक्ष्मी सामाजिक परिवारका अध्यक्ष कविता देवी मण्डलले तालिमलाई उपलब्धिमूलक बनाउने र यसलाई लघु व्यवसायसँग जोडी आर्थिक वृद्धि गर्ने लक्ष्य रहेको बताइन् । तालिममा बंगाली, राजाजी, शिवपार्वती, महालक्ष्मी, सुमीक्षा, जानकी सामाजिक परिवारका सदस्यहरूसहित अन्य महिला पनि सहभागी छन् । ●

# नागरिकता पाएपछि फर्किएको खुशी

सप्तरी : १८ वर्षअघि पतिको मृत्युसँगै राज्यको सम्पूर्ण सेवा सुविधाबाट बञ्चित भएकी शंकरबाबा सामाजिक परिवार, लोहजरा (सप्तरी) का सदस्य फुलेश्वरीदेवी सदाको अहिले दिन फिरेको छ । सुविधाबाट बञ्चित हुनुको मात्र कारण नागरिकताको प्रमाण पत्र थियो ।

२०५४ सालमा पतिको मृत्यु भयो । उनका पतिको पनि नागरिकता थिएन । त्यसपछि त कसले नागरिकता बनाई दिने ? उनले भनिन्, 'पतिको पनि नागरिकता नभएकोले मरो त हुने कुरै थिएन ।'

ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्ने सदाले नागरिकताको महत्व पनि बुझेकी थिइनन् । छोराहरू बढ्दै गए । उनी पनि समग्र विकास सेवा केन्द्रले शंकरबाबा सामाजिक परिवार गठन गरेपछि सदस्य भइन् ।'समग्र विकास सेवा केन्द्रका कार्यकर्ताले सामाजिक परिवारको बैठकमा नागरिकताका महत्वबारे बुझाउनु भयो । हाम्रा हक-अधिकारका बारे पनि सिकाउनुभो', उनले भनिन्, 'त्यसपछि मात्र मैले नागरिकता बनाएपछि सरकारले दिने सेवासुविधा पाइँदो रहेछ भन्ने थाहा पाएँ ।'



छोरा ठूलो भयो । नागरिकता बनाएर विदेश जान्छु भन्न थाल्यो । त्यसपछि त झन् नागरिकताको महत्वबारे उनले बुझिन् । उनले समग्र विकास सेवा केन्द्रको पहलमा नागरिकता बनाउन सफल भएको पनि बताइन् । नागरिकता पाएपछिको उपलब्धि सुनाइन्, 'त्यसपछि सामाजिक सुरक्षा भत्ता पनि पाउन थालें । छोराहरूको जन्मदर्ता बनाएँ । नागरिकता बनाउने प्रक्रियामा छु । नागरिकता बनाएपछि त मेरा छोराहरू पनि विदेश गएर कमाउन पाउने छन् भन्ने आस छ ।' ●

*मनको मैलो तनमा धोएर लगाएको लुगाको पछाडि लुक्नेगर्छ । - डा. राधाकृष्ण*

# यसरी बन्यो प्रगति सामाजिक परिवार

**लमजुङ** : सामाजिक परिवारको माध्यमबाट समुदायका मानिसहरूको सशक्तीकरण गर्ने उद्देश्यले लमजुङको बाँझाखेत-६, सिरुवारीमा २०७३ साल फाल्गुन १९ गते प्रगति सामाजिक परिवार गठन गरिएको छ ।

१४ घरधुरी रहेको उक्त बस्तीमा प्रत्येक घरबाट एक जनाका दरले २ पुरुष र बाँकी महिला (एक घर परियार र बाँकी गुरुङ) गरी १४ जनाको सामाजिक परिवार गठन भएको छ, जसको अध्यक्षमा चन्द्रकाशी गुरुङ अध्यक्ष चुनिएकी छन् ।

सामाजिक परिवार गठन गर्नुअघि समग्र विकास सेवा केन्द्रका वरिष्ठ उत्प्रेरक मीरा भण्डारी र उत्प्रेरक यमकुमारी गुरुङले लमजुङमा समग्रका कार्यक्रम सञ्चालित गाविसमध्ये बाँझाखेतको उक्त बस्तीमा पुगेर त्यहाँको सामाजिक र आर्थिक विवरण संकलन गरेका थिए ।

नयाँ सामाजिक परिवार गठन गर्न चन्द्रकाशी गुरुङको घर पुग्दा टार्न खोजिन्, 'लघुवित्त जस्तो कार्यक्रम हो भने अप्ठ्यारो आउला, यसको अपजस हाम्रो टाउकोमा आउला भन्ने डर लाग्छ । हाम्रो आमा समूहको बैठक बसेर सल्लाह गरेपछि खबर गरौंला ।' तर उनले खबर गरिनन् । यमकुमारीले केही दिन लगातार पछ्याएपछि चन्द्रकाशी गुरुङले ०७३ फागुन १९ गते सबै जनालाई बोलाइदिने र बैठक बस्ने तय भयो ।

आमा समूहको सामुदायिक भवनमा फागुन १९ गते १२ जना जम्मा भएका रहेछन् । समग्र विकास सेवा केन्द्रले गर्ने कार्यबारे छलफल भयो । 'यो लघुवित्त होइन, पुरानो सामाजिक संस्था हो', यमकुमारीले यसका नारा, पासबुक र अन्य कागजात देखाउँदै भनिन् । मीराले आश्वस्त पारिन्, 'मेरो घर पनि यहीं सिमपानी हो । डराउनु पर्दैन ।' त्यसपछि मात्र उनीहरू विश्वस्त भएका थिए ।

कुराकानी सुरु गर्नुअघि मीराले सामाजिक परिवार गठन गर्दाको फाइदा पनि बताइन् । एक जना सहभागीले सोधे, 'अरु संस्थाले पैसा दिन्छ, बच्चालाई छात्रवृत्ति र कापी कलम पनि दिन्छ । बाटो र खानेपानीको धारा बनाइदिन्छ । समग्र विकास सेवा केन्द्रले के दिन्छ ?'

मीराले जवाफ दिइन्, 'समग्र विकास सेवा केन्द्रले पैसा दिँदैन । सुशासनको माध्यमबाट समुदायलाई अगाडि लैजान सिकाउँछ । अरु संघसंस्थाले पैसा दिन्छन् तर समग्र विकास सेवा केन्द्रले पैसा कमाउने उपाय सिकाइदिन्छ, चिनाइदिन्छ ।' उनले अहिले पनि लमजुङ जिल्लामा ८ लाख रुपैयाँ घुम्तीकोषको रूपमा समुदायमा घुमिरहेको पनि जानकारी दिइन् ।

मीराले थपिन्, 'पहिला धेरै लगानी असुलीको काम गर्‍यौं तर समुदायमा ला भन्ने होइन ले भन्ने प्रवृत्ति मात्र बढ्यो । अब हामी ला भन्नसक्ने कहिले हुने ? जबसम्म हामीमा अज्ञानता, अशिक्षा, अन्धविश्वासले जरो गाडी रहन्छ तबसम्म हामी अगाडि बढ्न सक्दैनौं । त्यसैले आयआर्जन बढाउन हामी सक्षम हुनैपर्छ । त्यसका लागि संस्थाले तपाईंहरूलाई बाटो देखाउँछ । महिनाको २९ दिन घरपरिवारलाई र एक दिन सामाजिक परिवारलाई भन्ने सामाजिक परिवारको नारा छ ।'

समग्र विकास केन्द्रका तर्फबाट सबै कुरा बताइसकेपछि उनीहरू गुरुङ भाषामा आपसमा कुरा गर्न थाले, । गुरुङ भाषा नजान्ने मीराले भनिन्, 'म त बाउँस्यो (बाहुन केटी), तपाईंहरूले गुरुङ भाषामा के-के भन्नुभो केही पनि बुझिनँ । न मलाई गाली गरेको हो वा कुट्छु-मार्छु भनेको हो, केही पनि बुझिनँ ।' सबै सहभागी गलल हाँसे । यम कुमारीले नेपाली भाषामा दोहोर्‍याइन् ।

त्यसपछि एक जना सहभागीले सोधे, 'ए, तपाईंहरू त एनजीओबाट पो आउनुभएको रहेछ । अन्य संघसंस्थाले त भत्ता दिन्छ, तपाईंहरू के दिनुहुन्छ ?' अनि मीराले जवाफ दिइन्, 'हामीले तपाईंहरूलाई दिने भनेको चेतना हो, अरु केही दिँदैनौं । समग्र विकास सेवा केन्द्रले माछा दिँदैन, माछा मार्न सिकाइदिन्छ ।'

त्यसपछि सहभागीहरूले गुरुङ भाषामा छलफल गरे । यमकुमारीले छलफलमा सघाइन् । केही समयपछि सामाजिक परिवार गठन गर्ने निर्णय भयो । सामाजिक परिवारको नाम पनि आमा समूहकै नामबाट राख्ने तय भयो- प्रगति सामाजिक परिवार ।

त्यसपछि सामाजिक परिवारको कार्यसमिति बनाउन छलफल सुरु भयो । बाहिर गएर बोल्न सक्ने, विभिन्न संघ-संस्थामा चिनजान भएको, सक्रिय, समय पनि दिन सक्ने भएकोले चन्द्रकाशी गुरुङलाई अध्यक्षमा छान्ने प्रस्ताव आयो । सबैले सहमति जनाए ।

आमा समूहकी उपाध्यक्ष आइतकुमारी गुरुङले उपाध्यक्ष हुन्छु भनिन् । सबै सहमत भए । पढेलेखेका र सक्रिय भएकोले रामबहादुर गुरुङलाई सचिवमा छानियो । त्यसैगरी कोषाध्यक्षमा तुलसी गुरुङलाई छानियो । यमुना र आरती गुरुङलाई सदस्य छानी सात सदस्यीय कार्यसमिति गठन गरियो । त्यसपछि यो सामाजिक परिवारको मासिक बैठक प्रत्येक महिनाको ८ गते बिहान ११ बजे सामुदायिक भवनमा बस्ने र बचत स्वरुप मासिएक सय रुपैयाँ जम्मा गर्नेसमेत निर्णय भयो ।

सामाजिक परिवारले समग्र विकास सेवा केन्द्रबाट क्षमता विकासको तालिम लिई राज्यको स्रोत परिचालन गर्ने, आयआर्जन वृद्धि गर्ने, नेतृत्व क्षमता विकास गरी विभिन्न तहमा नेतृत्व लिने जस्ता आफ्नो समुदायको हितका लागि थप कार्यहरू गर्दै जानसक्ने छ ।



# संविधानमा स्थानीय सरकार



भाग-१८ स्थानीय व्यवस्थापिका

२२१.स्थानीय तहको व्यवस्थापिकीय अधिकार : (१) यस संविधानको अधीनमा रही स्थानीय तहको व्यवस्थापिकीय अधिकार गाउँ सभा र नगर सभामा निहित रहनेछ। (२) गाउँ सभा र नगर सभाको व्यवस्थापिकीय अधिकार अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लेख भए बमोजिम हुनेछ। २२२. गाउँ सभाको गठन : (१) प्रत्येक गाउँपालिकामा एक गाउँ सभा रहनेछ । (२) उपधारा (१) बमोजिमको गाउँ सभामा गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१५ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित गाउँ कार्यपालिकाका सदस्य रहनेछन् । (३) उपधारा (१) बमोजिम गठन हुने गाउँ सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ। (४) संघीय कानून बमोजिम गाउँपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ । त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ। (५) अठार वर्ष उमेर पूरा भएको गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानूनमा व्यवस्था भए बमोजिम मतदान गर्ने अधिकार हुनेछ। (६) देहायको योग्यता भएको व्यक्ति गाउँ सभाको सदस्यको पदमा उम्मेदवार हुन योग्य हुनेछ :-

(क) नेपाली नागरिक (ख) एक्काइस वर्ष उमेर पूरा भएको (ग) गाउँपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र (घ) कुनै कानूनले अयोग्य नभएको ।

(७) गाउँ सभाको निर्वाचन र तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ।

२२३. नगर सभाको गठन : (१) प्रत्येक नगरपालिकामा एक नगर सभा रहनेछ। (२) उपधारा (१) बमोजिमको नगर सभामा नगरकार्यपालिकाका प्रमुख र उपप्रमुख, वडा अध्यक्ष र प्रत्येक वडाबाट निर्वाचित चारजना सदस्य र धारा २१६ को उपधारा (४) बमोजिम दलित वा अल्पसंख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहनेछन् । (३) उपधारा (१) बमोजिम गठन हुने नगर सभामा प्रत्येक वडाबाट कम्तीमा दुईजना महिलाको प्रतिनिधित्व हुनेछ ।

(४) संघीय कानून बमोजिम नगरपालिकामा रहने प्रत्येक वडामा वडा अध्यक्ष र चारजना सदस्यहरू रहेको वडा समिति गठन हुनेछ। त्यस्तो वडा अध्यक्ष र वडा सदस्यको निर्वाचन पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली बमोजिम हुनेछ ।

(५) अठार वर्ष उमेर पूरा भएको नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको व्यक्तिलाई संघीय कानून बमोजिम मतदान गर्ने अधिकार हुनेछ।

(६) देहायको योग्यता भएको व्यक्ति नगर सभाको सदस्यको पदमा उम्मेदवार हुन योग्य हुनेछ :- (क) नेपाली नागरिक (ख) एक्काइस वर्ष उमेर पूरा भएको (ग) नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको, र (घ) कुनै कानूनले अयोग्य नभएको ।(७) नगर सभाको निर्वाचन र तत्सम्बन्धी अन्य व्यवस्था संघीय कानून बमोजिम हुनेछ । २२४. गाउँ सभा र नगर सभाको अध्यक्ष र उपाध्यक्ष : गाउँ कार्यपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिकाको प्रमुख र उपप्रमुखले क्रमशः गाउँ सभा र नगर सभाको पदेन अध्यक्ष र उपाध्यक्ष भई कार्य सम्पादन गर्नेछ। २२५. गाउँ सभा र नगर सभाको कार्यकाल : गाउँ सभा र नगर सभाको कार्यकाल निर्वाचन भएको मितिले पाँच वर्षको हुनेछ। त्यस्तो कार्यकाल समाप्त भएको छ महीनाभित्र अर्को गाउँ सभा र नगर सभाको निर्वाचन सम्पन्न गर्नु पर्नेछ। २२६. कानून बनाउन सक्ने : (१) गाउँ सभा र नगर सभाले अनुसूची-८ र अनुसूची-९ बमोजिमको सूचीमा उल्लिखित विषयमा आवश्यक कानून बनाउन सक्नेछ। (२) उपधारा (१) बमोजिम कानून बनाउने प्रक्रिया प्रदेश कानून बमोजिम हुनेछ ।

२२७. गाउँ सभा र नगर सभा सम्बन्धी अन्य व्यवस्था : गाउँ सभा र नगर सभाको सञ्चालन, बैठकको कार्यविधि, समिति गठन, सदस्यको पद रिक्त हुने अवस्था, गाउँ सभा र नगर सभाका सदस्यले पाउने सुविधा, गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

अनुसूची-८ (धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित) स्थानीय तहको अधिकारको सूची १) नगर प्रहरी २) सहकारी संस्था ३) एफ.एम सञ्चालन ४) स्थानीय कर (सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर), सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन ५) स्था क र अभिलेख संकलन ७) स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरू ८) आधारभूत र माध्यमिक शिक्षा ९) आधारभूत स्वास्थ्य र सरसफाइ १०) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता ११) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, सिंचाइ १२) गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप रमध्यस्थताको व्यवस्थापन १३) स्थानीय अभिलेख व्यवस्थापन १४) घर जग्गा धनी पुर्जा वितरण १५ कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी १६ ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति र अशक्तहरूको व्यवस्थापन १७ बेरोजगारको तथ्यांक संकलन १८ कृषि प्रसारको व्यवस्थापन, संचालन र नियन्त्रण १९ खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा २० विपद व्यवस्थापन २१ जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण २२ भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास ●

*संविधानको पूर्ण कार्यान्वयन भए मात्र प्रजातन्त्र बलियो हुन्छ । - शेरबहादुर देउवा, सभापति, नेपाली काँग्रेस*

# अध्ययनसँगै सामाजिक कार्य



**सम्झना बिक, सचिव**
**चण्डेश्वरी सामाजिक परिवार**
**बेशीसहर-६, लमजुङ**

२०६३ सालको कुरा हो । म ८ कक्षामा पढ्थेँ। समग्र विकास सेवा केन्द्रले सामाजिक परिवार बनाउने भयो । चण्डेश्वरी सामाजिक परिवारको गठन गरियो । आयआर्जन कमजोर भएका, समाजमा अवसर नपाएका, सामूहिक अभियानमा संलग्न हुन चाहने तर उपाय थाहा नभएका, साहु-महाजनको चर्को ब्याजको कर्जाबाट ग्रस्त, दलित, महिला समुदायलाई उक्त सामाजिक परिवारमा संगठित गरिएको थियो । सामाजिक परिवार गठन गरेपछि साहु महाजनसँग ऋण माग्न जानु नपर्ने, आफ्नो सामाजिक परिवारबाटै काम चल्ने जानकारी पाए ।

सामाजिक परिवार गठन त गरियो तर हिसाबकिताब गर्न जान्ने कोही पनि थिएन। मेरो दाइ सात कक्षा पढेर बस्नुभएको थियो। केही काम त सिकिन्छ भनी सचिव पदमा बस्नुभयो। तीन महिनापछि विदेश जानुभयो । मुखको हिसाब सबैलाई आउने तर लेखापढी गर्न कसैलाई पनि आउँदैनथ्यो । अप्ठेरो भयो ।

बुबा डिलबहादुर र आमा बाटुली बिकका हामी चार जना सन्तानमध्ये म एक्ली छोरी। बुवाको बाल्यकाल पनि ज्याला-मजदुरी गरेर र अर्काको जग्गा अधियाँ कमाएरै चल्यो। बुबाआमा दुबै निरक्षर। आफू निरक्षर हुँदा भोग्नुपरेको दु:ख सम्झेर पनि होला-उहाँहरूले दु:ख गरेर पनि हामीलाई उच्चशिक्षासम्म पढाउनुभयो ।

समग्रका सरमिसले मलाई भन्नुभयो- 'बचत रकमलाई व्यवस्थापन गर्न सकिएन भने भोलि विवाद हुनसक्छ। त्यसैले तिमीले हिसाबकिताब गर ।' मेरो बाबाले पनि मलाई भन्नुभो, 'यसलाई त निरन्तर रूपमा बचाई राख्नुपर्दछ। हाम्रो समाजमा तिमीजति पढेको कोही छैन । तिमीले लेखापढी गर्नुपर्छ, गर ।' त्यसपछि मैले जिम्मा लिएँ ।

मैले हिसाब राख्न थालेपछि सबैले हौसला दिनुभयो- आहा कति राम्रो हिसाबकिताब राखेको । पहिलो महिनाको भन्दा यस महिनाको राम्रो भनेर उत्प्रेरित गर्न थाल्नुभयो ।

बिस्तारै काम गर्दै जाँदा अनुभवहरू बढ्न थाल्यो । समग्र विकास सेवा केन्द्रले दिएको सहभागितामूलक योजना निर्माण तथा क्षमता विकास तालिममा सहभागी हुने अवसर पाएँ। त्यसैगरी सर र मिसहरूले सामाजिक परिवारको लेखा राख्न र माइन्युट लेख्न समय-समयमा सिकाउनुभयो। त्यसपछि त हिसाबकिताब पारदर्शी रूपमा राख्न थालेँ। समुदायको जुनसुकै काम गर्न पनि म आफैँ अगुवाइ गर्न थालेँ।

मलाई लाग्दथ्यो- मैले त मेरो समुदायलाई माथि उकास्ने पहल गरेकी छु। समुदायले पनि मभित्र साहस भर्दै गयो । मलाई पनि काम गर्दै जाँदा गर्व लाग्दै आयो । जसको कारण आज कामीगाउँ भनेर चिनिएको ठाउँ अहिले कटरबोटे नामले चिनिन सफल भएको छ। म दलित परिवारकी छोरी हुँ । मेरो घरपरिवार र सामाजिक परिवारका १६ जना सदस्यहरूको तर्फबाट एसएलसी पास गर्ने पहिलो छोरी म भएँ। मैले २०६५ सालमा एसएलसी पास गरेकी हुँ।

सामाजिक परिवार बन्नुअघि दलितको लागि भनेर गाविसबाट छुट्याएको बजेट निकासा नदिएको अनुभव पनि छ, हामीसँग । अहिले मेरै पहलमा दलितको लागि बजेट विनियोजन गरी खानेपानी ट्याङ्की, सामुदायिक भवन, सिंचाइका लागि कुलो बनाउनेजस्ता पूर्वाधारका कामहरू धमाधम भए। त्यो गर्नसक्ने क्षमताको विकास गराउने श्रेय समग्र विकास सेवा केन्द्रलाई दिनुपर्छ।

आज मेरो स्वभाव नै यस्तो बनेको छ- घरको कामभन्दा समुदायको काममा खटेर समुदायमै भिज्न रमाउँछु । सामाजिक काम गर्दागर्दै मैले स्नातक तहसम्मको शिक्षा पूरा गरिसकेकी छु।

पहिला जानी-नजानी काम थालेकी मान्छे अहिले अनुभवी भएकी छु । समुदाय र बालबालिकाको क्षेत्रमा रमाएर 'ग्लोबल एक्सन नेपाल' भन्ने संस्थामा आबद्ध भएर कार्य गर्दै आएको छु। यहाँसम्म ल्याइपुऱ्याउन समग्र विकास सेवा केन्द्रको ठूलो हात छ।

अहिले त मेरो समुदायमा नेतृत्व लिनको लागि साना साना कोपिला हातहरू पनि सल्बलाएर अघि बढिरहेका छन् । सबै बाआमाहरू अनौपचारिक शिक्षा पढेर साक्षर भएका छन्। सबै बालबालिका स्कुल गएका छन् । अभिभावकहरूले पनि आफ्ना छोराछोरीहरूलाई भन्नुहुन्छ-पढेर सम्झना दिदी जस्ते बन्नुपर्दछ। यसरी उदाहरण दिएको देख्दा खुशी लाग्छ । ●